# सुरक्षित आप्रवासन परियोजना (सामी)

## प्रगति प्रतिवेदन

## अवधि २०७८ श्रावण – २०७८ पौष

## आ.व. २०७८।७९



## पेश गर्ने निकायहरुः

इच्छाकामना गाउँपालिका
चितवन

हेल्भेटास नेपाल, बागमती प्रदेश

## पेश गर्ने संस्था :

MADE - NEPAL मेड-नेपाल Since 1993

भरतपुर, चितवन

मिति २०७८ पौष ६ गते

## १. पृष्ठभूमि

वैदेशिक रोजगारी जिवीकोपार्जनको एक प्रमुख माध्यमको रुपमा नेपालको गरिवी न्यूनिकरणमा महत्वपूर्ण भूमिका खेलेको  र प्राप्त विप्रेषणले परिवार तहमा मात्र नभई राज्यको समग्र आर्थिक सुचकलाई सन्तुलन गर्न ठुलो टेवा दिदै बैदेशिक मुद्रा आर्जनको सबैभन्दा ठुलो श्रोत रहेको छ र नेपालको आयातमुखी अर्थतन्त्र धान्नका लागि सबैभन्दा बढि योगदान दिइ रहेको छ । तैपनि बैदेशिक रोजगारको क्षेत्र विभिन्न कारणले समस्याग्रस्त रहेको, वैदेशिक रोजगारीमा जाने कामदार तथा तिनका परिवार र साथै राज्यले यस क्षेत्रबाट जुन मात्रामा लाभ पाउनु पर्ने हो त्यो प्राप्त गर्न नसकिरहेको परिस्थीतीमा वैदेशिक रोजगारीमा जाने ठुलो संख्याका कामदार तथा तिनका परिवारहरु ठगी, शोषण तथा विभिन्न प्रकारका धोकापूर्ण अवस्थामा परेका देखिन्छन् भने यसैका कारणले राज्य, समाज तथा परिवारले बढ्दो सामाजिक लागतको भार समेत ब्योहोर्नु पर्ने परिस्थीती सिर्जना भएको देखिन्छ । यस परियोजनाले वैदेशिक रोजगारमा जानका लागि कसैलाइ प्रेरित  गर्दैन तथा नजानका लागि हतोत्साहित पनि पार्दैन ।

वैदेशिक रोजगारीमा जाने व्यक्ति तथा परिवारहरुको सो प्रयासलाई सुरक्षित, व्यवस्थित तथा उपलब्धीमुलक बनाउनका लागि नेपाल सरकार तथा स्विट्जरल्याण्ड सरकारको संयुक्त प्रयासमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालययको नीतिगत पहल तथा स्थानीय सरकारहरुको नेतृत्वमा मेड नेपालको सहजीकरण गरिरहेको छ ।  आ.व. २०७६।७७ को माघ महिनादेखि चितवन जिल्लाका भरतपुर, रत्ननगर, माडी र इच्छाकामना महानगर, नगर र गाउँपालिकाहरुमा कार्यान्वयन भइरहेकोमा यस आ.व. २०७७ श्रावण देखि चैत्र मसान्तसम्मको प्रगति र यहाँको अवस्थाको विस्तृत विवरण यस प्रकार रहेको छ ।

परियोजनाको समग्र लक्ष्य “वैदेशिक रोजगारमा रहेका नेपाली कामदार र तिनका परिवार सम्बन्धित राज्य संयन्त्रबाट संरक्षित तथा गन्तव्य मुलुकको मर्यादित कार्य वातावरणबाट लाभान्वित हुनेछन् ।”

**परियोजनाको उपलब्धी १** : महिला तथा पुरुष आप्रवासी कामदार र उनका परिवार एवं सीमान्तकृत समूह समेतको, वैदेशिक रोजगारीबाट प्राप्त हुने प्रतिफलमा वृद्दि र आप्रवासनका कारणबाट सृजित सामाजिक असरहरू एवं लागत न्यूनीकरण भएको हुनेछ ।



**परियोजनाको उपलब्धी २** : तीनै तहका सरकारहरुले प्रभावकारी संयन्त्रको प्रयोगद्वारा वैदेशिक रोजगारीमा रहेका कामदार तथा उनका परिवारहरूको संरक्षण गर्नेछन् ।

## २. परियोजनाको लक्षित वर्गः

परियोजनाको मुख्य क्रियाकलापहरुमा आप्रवासी श्रोत केन्द्र लगायत अन्य विभिन्न माध्यमवाट सुरक्षित आप्रवासन सम्बन्धि जनचेतना, वैदेशिक रोजगारीमा जानु पूर्व  आवश्यक सुचना तथा परामर्श, सीप विकास तालिमको लागि अभिप्रेरित तथा सहयोग, वैदेशिक रोजगारीका पीडितहरुलाई कानुनी उपचार, मनोसामाजिक परामर्श

सहयोग, वित्तीय साक्षरता, गन्तब्य मूलुकमा समस्यामा परेमा सहयोग, वैदेशिक रोजगारी सम्वन्धि अनुसन्धान, सेवा प्रदायक संस्थाहरुको क्षमता विकास, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको विषयगत तथा सेवा प्रदान गर्न सहयोग आदि रहेका छन् । यो परियोजना चितवन जिल्लामा स्थानीय सरकार मार्फत संचालन गरिएको छ । वैदेशिक रोजगारमा जान इच्छुक महिला तथा पुरूषहरुलाई आवश्यक र सही सूचना प्रदान गरी उनीहरुलाई जानकार गराई स्वनिर्णय गर्ने क्षमताको विकास गर्न मद्दत गर्ने यस परियोजनाको ध्येय रहेको छ ।

## ३. परियोजनाको क्रियाकलापहरु :

परियोजनाले स्थानीय सरकारहरुसँग सहकार्य गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार वोर्ड र वैदेशिक रोजगार विभाग, आप्रवासन सम्बन्धी कार्य गर्ने अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग सहकार्य गर्दछ । स्थानीय सरकारहरु, जिल्ला/ईलाका प्रशासन कार्यालय, स्थानीय सुरक्षा निकाय आदिसँग निकट रहेर कार्य गर्दछ । सुरक्षित आप्रवासन परियोजना लागुहुने चितवन जिल्लाका ४ वटा स्थानीय तहह**रु (भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउपालिका)** को संयुक्त रुपमा स्थानीय सेवा प्रदायक संस्थाको रुपमा मेड नेपाल मार्फत कार्य भइरहेको छ । जसले **सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी आप्रवासी श्रोत केन्द्र सञ्चालन एवं सामुदाय परिचालन कार्यक्रम**को व्यवस्थापनका लागि कार्य गरिरहेको छ ।



## ५. परियोजना व्यवस्थापन :

क) परियोजना सहयोग इकाईसँगको निकटतम् समन्वयमा बार्षिक, अर्धवार्षिक तथा चौमासिक/त्रैमासिक कार्यक्रम तथा बजेट निर्माण गर्ने तथा स्थानीय तह परियोजना व्यवस्थापन समितिबाट स्वीकृत गराइएको छ ।

ख) स्थानीय तह परियोजना व्यवस्थापन समितिबाट स्विकृत चौमासिक योजना अनुसार परियोजनाका गतिबिधि कार्यान्वयन भइरहेको छ ।



ग) परियोजनाका गतिविधिहरुको नियमित निरीक्षण तथा अनुगमन गरी सम्बन्धित स्थानीय तहहरु र परियोजना सहयोग इकाईलाई जानकारी गराउने गरिएको छ ।

घ) स्वीकृत कार्ययोजना अनुसार मासिक, चौमासिक, अर्धबार्षिक तथा बार्षिक प्रगति

प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तहमा पेश गर्ने गरिएको छ । सो प्रतिवेदनको एक प्रति परियोजना सहयोग इकाईलाई हेल्भेटास मार्फत पनि दिने गरिएको छ ।

ङ) स्थानीय तह परियोजना व्यवस्थापन समितिको मार्ग निर्देशनमा र परियोजना सहयोग इकाईको समन्वयमा निम्नाअनुसारका कर्मचारीहरुको नियुक्ति , पदस्थापन गर्ने गरिएको छ ।

## ६ परियोजनाका लागि आवश्यक जनशक्ति

स्थानीय सेवा प्रदायक संस्था मेड नेपालले परियोजनाका गतिबिधि कार्यान्वयन गर्नको लागि कर्मचारी र स्वयंसेवक छनौटका आवश्यक प्रक्रियाहरु पुरा गरी निम्नानुसारको जनशक्ति व्यवस्था गरेको छ :

**आवश्यक जनशक्ति परिचालन**

| क्र.सं. | पद | संलग्न व्यक्तिहरुको नाम | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | परियोजना संयोजक | सूर्य प्रसाद पौडेल | जिल्ला भर |
| २ | लेखा तथा प्रशासन अधिकृत | टेकराज भूषाल | |
| ३ | सूचना तथा परामर्शकर्ता | सन्देश अधिकारी | |
| ४ | | सरस्वती पौडेल | |
| ५ | मनोसामाजिक परामर्शकर्ता | तुलसा थापा | इच्छाकामना गाउँपालिका |
| ६ | वित्तीय साक्षरता सहजकर्ता | आस्था त्रिपाठी | |
| ७ | रिटर्नी स्वयंसेवक | मीन कुमार चेपाङ | |
| ८ | | | |
| ९ | | इमान गुरुङ | |

| सि.नं. | गतिविधिहरु | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | सूचना तथा परामर्श सेवाग्राही संख्या | ३१ | १८ | ४९ |
| ३ | टेलिकाउन्सिलिङ सूचना पाउनेको संख्या | ६८ | १२ | ८० |
| ४ | समुदाय अभिमुखीकरणमार्फत सुचना पाउनेको संख्या | ७७ | ७९ | १४९ |
| ५ | गहन अभिमुखीकरणमार्फत सूचना पाउनेको संख्या | १४ | ८ | २२ |
| ६ | रिटर्नी स्वयंसेवक परिचालन मार्फत सूचना पाउनेको संख्या | ७६ | ५६ | १३२ |



## ७. वित्तिय साक्षरता कक्षा संचालन

### वित्तिय साक्षरता तथा मनोसामाजिक कक्षा संचालन बाट हुनुपर्ने गतिवधिहिरुः

- वित्तिय साक्षरताका ४ वटा कक्षाहरु सञ्चालनको लागि पुर्व सहभागि छनोट
- प्रारम्भिक धरधुरी सर्वेक्षण
- कक्षा सञ्चालन गर्ने स्थानको छनौट
- कक्षा ब्यवस्थापन समितिको गठन
- वित्तिय साक्षरता कक्षा समुह गठनको लागि प्रारम्भिक बैठक
- कक्षा ब्यवस्थापनको कार्य
- वित्तिय साक्षरताका हप्तामा ४ वटा कक्षाहरु सञ्चालन
- कक्षा सञ्चालन र मिति र वार समय
- कक्षाका सहभागिहरुलाई टेलिफोन फ्लोअप (ताकेता)
- कक्षा सहभागीहरुको आधार रेखा सर्वेक्षण
- क्वारेन्टाइनहरुको स्थलगत भ्रमण र मनोसामाजिक परामर्श कक्षा संचालन





| सि.नं. | गतिविधि | इ.गा.पा. ३ | इ.गा.पा. ४ | इ.गा.पा. ५ | इ.गा.पा. ७ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कक्षा संचालन समूह संख्या | ० | १ | १ | १ | ३ |
| २ | सहभागी संख्या | ० | ३० | ३० | २८ | ८८ |
| ३ | आधार रेखा सर्भेक्षण | ० | ३० | ३० | २८ | ८८ |
| ४ | प्रि सर्भे र प्रतिवद्धता | ० | ३० | ३० | २८ | ८८ |
| ५ | कक्षा सेसन सम्पन्न | ० | १३ | ७ | ४ | २४ |



**देखिएका परिवर्तनहशरु**

- ➢ औपचारिक रुपमा वित्तिय सेवाको पहुँच बढेको छ ।
- ➢ आम्दानी खर्चको लेखाजोखा राखी खर्च कटौती भएको छ ।
- ➢ पारिवारिक आर्थिक अवस्थामा सुधार आएको छ ।
- ➢ वित्तिय साक्षरताको महत्व बुझेका छन ।
- ➢ स्थानीय स्तरबाट प्रदान हुने सेवा र सुविधाहरुको बुझ्न र खोजनीति हुन थालेको छ ।
- ➢ आम्दानीका श्रोतहरुको पहिचान गर्न थालेका छन ।



## मनोसामाजिक परामर्श सेवा संचालन

| सि.नं. | गतिविधि | इ.गा.पा. | इ.गा.पा. ४ | इ.गा.पा. ५ | इ.गा.पा. ७ |
|---|---|---|---|---|---|
| १ | मनो सामाजिक परामर्श सेवा लिनेको संख्या | २०+१३ | २+७ | १+७ | ४+१ |
| २ | समूह मनोपरामर्श सहभागी संख्या | ८८ | ३० | ३० | २८ |
| ३ | ओषत भेटघाट | ८ | ९ | ९ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | केस समाधान | १८ | | | |

- भेटघाट र परामर्शका कारण सेवा ग्राहीमा परिवर्तन देखिन थालेको (अनुसुचीमा केश स्टडिहरु संलग्न गरिएको)
- १८ केस समाधान भएको र अन्य सामाधानको प्रक्रियामा रहेको सेवा गांहीहरुमा आर्थिक उपार्जन जस्तै व्यापार व्यवसाय तथा दैनिक घर व्यवहार चलाउन सक्षम भएका छन् ।
- कामको दैनिकीमा सुधार आएको छ।
- आत्महत्या गर्ने मनसाय राखेका ७ जनाले सोचाइ बदलेका छन् ।

## समुदाय तथा गहन अभिमुखीकरण कार्यक्रममा सहभागीहरुको विवरण

| | | जम्मा | | | ब्राम्हण क्षेत्री | | जनजाति | | दलित | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गतिविधिहरु | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| गहन अभिमुखीकरण | १ | १४ | ८ | २२ | २ | ३४ | १२ | ८ | ० | ० |
| इ.गा.पा. | | | | | | | | | | |
| इ.गा.पा. ७ | १ | १४ | ८ | २२ | २ | ० | १२ | ८ | ० | ० |
| समुदाय अभिमुखीकरण' | ४ | ७७ | ७९ | १४९ | १० | ७ | ६७ | ६८ | ० | ४ |
| इ.गा.पा. ७ | १ | ३६ | ० | ३६ | २ | ० | ३४ | ० | ० | ० |
| इ.गा.पा. ७ | १ | ९ | ३८ | ४७ | १ | ३ | ८ | ३३ | ० | २ |
| इ.गा.पा. ४ | १ | ९ | २४ | २६ | ५ | ४ | ४ | १८ | ० | २ |
| इ.गा.पा. ३ | १ | २३ | १७ | ४० | २ | ० | २१ | १७ | ० | ० |

# वित्तिय प्रगति २०७८।७९

| स्थानीयतहको बजेट उप-शिर्षक न. | स्थानीयतहको बजेट | खर्च रकम | आ.व.२०७७-०७८ को सम्झौता रकम | खर्च रकम | खर्च प्रतिशत (%) |
|---|---|---|---|---|---|
| ८०१०३३७४ | ० | ० | २००००००। | | |
| | | | | | |

अनुसुची १

**केस स्टडी १**

**मनोसामाजिक परामर्श सेवाले जीवनमा ल्याएको परिवर्तन**

पातलिमाया (नाम परिवर्तन)उमेरले ४२ पूगे पनि झट्ट उहालाई हेर्दा ५० नागेको अनूमान गर्न सकिन्छ। दुब्लो पातलो कमजोर शरिर चाउरिएको अनुहारमा उदासिपन र आँखा भरि आशु टिलपिल भएर छछल्किएको देख्दा जोकोहिको पनि आँखा रसाउन सक्छ। हाल उहा आफ्नो कान्छो छोरा र श्रीमानको साथमा बस्दै आउनु भएको छ। उहाले आफ्नो जिवन कालमा ३ भाई छोराहरुलाई जन्मदिनू भएको थियो। जस मध्ये सबै भन्दा ठुलो जेठो छोरा २३ बर्षको उमेरमा आर्थिक अभाब कम गराउने उद्वेश्यका साथ २०७४ साल चैत्र महिनामा बैदेशिक रोजगारको लागि मलेशिया जानु भएको र गएको १६ महिना सम्म सम्पर्कमा रहनु भएको घर खर्च पनि पठाउनु भएको थियो। २०७६ साउन महिना पछि आर्थिक मा सहयोग त परै जायोस् सम्पर्क समेत नभए पछि पातलिमाया लाई जेठो छोराको साथीहरुले काम पनि गाह्रो तलब पनि कम त्यतिकै घर जान मन पनि नभएको यि बिभिन्न कारण कम्पनि छोड्ने र अर्को कम्पनिमा जान्छु भन्ने कुरा चाहि गरिरहन्थ्यो भन्ने कुरा बताए पछि पातलिमायालाई कता गयो होला के भयो होला यस्तो कोभिड १९ का कारण न केहि भयो कि, न कम्पनि छोडेर जादा जेल पो पर्यो कि, किन सम्पर्कमा नआएको होला भन्ने खुल्दुलि लागि राख्ने वरपर छरछिमेकले तपाईको छोरो कम्पनि छोडेर भागेको कारण यात कुनै नराम्रो काममा फसेर घर नफर्किएको होला भनेर भन्ने गर्दा उहाको मुटु भक्कानिएर आउँदछ।र आँखाबाट आशु झार्दै छोराको मात्र सम्झना गर्ने,पिरचिन्ता लिइरहने,आफ्नो शरिरको ख्याल नराखि मनमा नराम्रो कुराहरुमात्र खेलाइ राति अबेर सम्म ननिदाउने समस्या बढदै गयको थियो। माईला छोरा बुहारि पनि बजार तिर काम गर्न गएको कारण उहाको मनको कुरा सुनाउने र मन भुलाउने कोहि पनि नभएको कान्छो छोरा सानै छ श्रीमान पनि आफ्नै तालमा हिड्नु हुन्छ,उहाको आफ्नै काम हुन्छ। जति बेला पनि तेहि छोराको याद आइरहने २ ओटा बाखा पालेको तेहि बाखाले पनि घास खान नपाएको घरको काममा पनि जागर नआएको ,खेतिपाति गर्न पनि ध्यान पुर्याउन सकिरहनू भएको थिएन,शारिरिक रुपमा भावनात्मक रुपमा आएका समस्याहरु जस्तै रुन मन लाग्ने,आफ्नो कोहि छैन जस्तो सोचाई आउने,आत्मा हत्याको सोच आउने,कामगर्न गाह्रो हुने,चक्कर लाग्ने कमजोरि महशुष हुने र समयमा खाना नखाइ छोरालाई सम्झेर रोइमात्र रहने गर्दा उहाको शरीर निकै कमजोर भइसकेको थियो। या भनौ छोरा बेपत्ता भए देखि उहाको आँखा राम्रो संग ओभाउनै पाएको थिएन। फोकस चेन्ज गराउदै आफ्नो शरिर स्वस्थ्य र आफुसग रहेको कान्छो छोरा श्रीमानको ख्याल राख्नको लागि र चिन्ता लिदाको फाइदा बेफाईदा,उँहालाई सहज गराउनको लागि लामो लामो श्वाश प्रश्वास विधि, सेवाग्राही बेला बेलामा आत्मा हत्या सम्बन्धी सोच आउने हुदा आत्मा हत्या को सोच हटाउनको लागी आत्मा हत्या सम्बन्धी प्रश्न विधि प्रयोग गरियो। मेरो कोहि पनि छैन म एक्लो छु जस्तो सोचाई हुने हुदा एक्लो चिज को महत्व प्रष्ट पार्न one pice मेथड विधिको प्रयोग गरियो। र उहाको आत्म बल बढाउनको लागी उहा र उहाको परिवारको चित्रद्वारा कूराकानी ,प्रशंसा तथा प्रोत्साहन बिधीको प्रयोग गरीयो। बिधीको प्रयोग गरी मनोपरामर्श प्रदान गरीयो।



यसरी ८ औ पटक सम्मको भेटघाट पश्चात पातलिमायामा आएको परिबर्तन उहाको उज्यालो र हसीलो अनूहारको बिचमा खूलेका

दन्तलहर प्रष्ट देख्न सकिन्छ । हिजो आज पातलिमाया आफ्नो शरीर र स्वास्थ्यको ख्याल राख्ने समयमा खाना खाने र घरपरिवारको हेरचाहमा ध्यान दिने गर्न थाल्नु भएको छ । छर छिमेकले छोराको बारेमा नराम्रो कुराहरु सुनाउदा वास्ता नगर्ने गरेको बताउनु हून्छ । उहा भन्न हून्छ भन्नेले त जे पनि भन्छन् । म उनिहरुको कूराको वास्ता गर्दीन.।आफुले कामनगरी खानपाउने होइन जति पिर चिन्ता लिए पनि आफ्नै शरिर गल्ने त होनि बाह् छोरा तेरा नाति बुढोको धोको काँधै पाथि भन`भ्कै के हुने रहेछ र नेपालमा नै भएको छोरा त खासै घरम ।आउदैन,बिदेशमा रहेको छोरा एक दिन आउलानि । राम्रो होस,खुसि हुन् भइगो अहिले १० ओटा बाख्रा पालेको छु एउटा भैसी छ अलि अलि तरकारि खेति गरेर घर खर्च चलाएको छु तर यहाँ सम्म आउनुमा नानिको ठुलो हात छ एकोहोरो बाबुलाई सम्भ्केर सबै कुरा भुलेर मेरो जिवन नै त्याग्ने सोच बनाएकी मान्छे लाई परिबर्तन गराउनु भयो भन्नु हुन्छ । उहाँको दैनिकिमा आएको परिवर्तन,उहाको आँखामा आशूको साटो ओठमा हासो देख्दा परीवारका सबै जना खूसी हूनु हुन्छ ।